नेपाल सरकार

**आपूर्ति मन्त्रालय**

# प्रेस विज्ञप्ति

आज मिति २०७३।११।२६ का दिन माननीय आपूर्ति मन्त्रीज्यूको संयोजकत्वमा मन्त्रालयका उच्च पदाधिकारी तथा नेपाल चिनी उत्पादक संघका पदाधिकारीहरू, उपभोक्तावादी संस्थाका प्रतिनिधि, खुद्रा व्यापार संघका पदाधिकारी समेतको उपस्थितिमा चिनीको आपूर्ति व्यवस्था र मूल्य नियन्त्रण सम्वन्धमा विस्तृत छलफल भयो । छलफलको क्रममा नेपालका विभिन्न चिनी उद्योगहरूबाट उत्पादित पचास हजार मेट्रिक टन चिनी मौज्दात रहेकोले चिनीको आपूर्तिमा कुनै समस्या नरहेको चिनी उत्पादक संघले वैठकमा जानकारी गरायो । हाल चिनीको बजार मूल्य बृद्धि भैरहेको सन्दर्भमा चिनीको मूल्य वृद्धिको कारण पहिचान गरी त्यसलाई नियन्त्रण गरी आवश्यक कारवाही गर्न तुरून्तै एउटा चिनी मूल्य लागत विश्लेषण समिति गठन गर्ने निर्णय बैठकवाट भयो ।

मितिः २०७३ साल फाल्गुण २६ गते
सिंहदरवार, काठमाडौं ।

( सूर्यप्रसाद श्रेष्ठ )
सहसचिव/प्रवक्ता